हरेक खबर, विशेष खबर
जि.प्र.का.सि.द.नं. ११७/०७६/०७७
राष्ट्रिय दैनिक
# लहानपोस्ट
LAHANPOST DAILY
वर्ष : ०१ अंक : १४९ पृष्ठ : ४ २०७७ पुस १४ गते मंगलबार (Tuesday 29 December 2020) www.lahanpost.com मूल्य रु. ५।-
FOLLOW US facebook: lahanpost YouTube : lahanpost twitter : lahanpost instragram : lahanpost

मो. ९८०५९६१००६
जे.डी.
स्टेशनरी एण्ड स्पोर्ट्स सेन्टर
लहान-६
यहाँ पुस्तक, स्टेशनरी, स्पोर्टका समानहरू अर्डर अनुसार पाईन्छ ।

*प्रतिनिधिसभा विघटनको विरोध*

# सिरहाका चार स्थानमा कांग्रेसको प्रदर्शन

**बद्री नारायण यादव**

**सिरहा ।** नेपाली कांग्रेस सिरहाले जिल्लाका चार वटै प्रतिनिधिसभा क्षेत्रमा सोमबार बृहत विरोध प्रर्दशन गरेको छ । नेकपा सरकारले गरेको संसद विघटन कार्य असंवैधानिक रहेको भन्दै प्रर्दशन गरेको हो ।

कांग्रेसले सिरहा क्षेत्र नम्बर १ को लहानमा विरोध प्रदर्शन गरेको थियो । त्यसैगरी क्षेत्र नम्बर २ को धनगढी, क्षेत्र नम्बर ३ को सदरमुकाम सिरहा र क्षेत्र नम्बर ४ को मिर्चैया बजारमा प्रदर्शन गरे ।

प्रदर्शनमा गाउँतहदेखिकै सक्रिय कार्यकर्ताहरू सहभागी भएको क्षेत्रिय सभापतिहरूले जानकारी दिएका छन् । प्रधानमन्त्री केपी शर्मा ओलीले आफ्नो पार्टीभित्रको विवादलाई लिएर प्रतिनिधिसभा विघटन गर्नु असंवैधानिक, अलोकतान्त्रिक रहेको कांग्रेस नेताहरूको भनाइ छ ।






प्रदर्शनले कुशासन, भ्रष्टाचारलगायत विषयमा जनभावना व्यक्त गरिएको सोमबार साँझ कांग्रेस पार्टी सभापति शेरबहादुर देउवाले जारी गरेको विज्ञप्तीमा उल्लेख छ । उल्लेखनीय रूपमा कार्यकर्ता, युवा लगायत सहभागीहरूलाई उनले विज्ञप्ती मार्फत धन्यवाद ज्ञापन गरेका छन् । सिरहा क्षेत्र नम्बर १ को लहानमा आयोजित विरोध प्रदर्शनलाई कांग्रेस नेता एवं पूर्व उद्योग राज्यमन्त्री पदम नारायण चौधरीले सम्बोधन गरेका थिए । विरोध प्रदर्शनलाई सम्बोधन गर्दै उनले कुनैपनि असंवैधानिक कदम सहय नहुने बताए । पशुपति आदर्श माविबाट सुरू भएको विरोध प्रदर्शनले लहान नगर क्षेत्रको विभिन्न भाग परिक्रमा गरी लहानस्थित सहिद चोक नजिक पुगेर कोणसभामा परिणत भएको थियो । कोणसभालाई प्रदेश सभा सदस्यका प्रत्यासी सन्तोष चौधरीले समेत सम्बोधन गरेका थिए ।

**'ओलीको अस्तित्व धरापमा' : कोषाध्यक्ष यादव**

नेपाली कांग्रेसका कोषाध्यक्ष सीतादेवी यादवले जनता र संविधानलाई अवमूल्यन गरेका प्रधानमन्त्री केपी शर्मा ओलीको अस्तित्व धरापमा परेको बताइन् ।

———*बाँकी २ पेजमा*

# सिनेटर साह सम्मानित

**फिरोज शेख**

**लहान ।** नेपाल जेसिजको ४७ औ राष्ट्रिय महाधिवेशनमा सिनेटर राजाबाबु साह 'वेस्ट ट्रेनर अफ द इयर एवार्ड-२०२०' बाट सम्मानित भएका छन् ।




रुपन्देहीको भलवारी जेसिजको आतिथ्यमा सम्पन्न राष्ट्रिय महाधिवेशनमा निरन्तर चौथो पटक सो एवार्डबाट साह सम्मानित भएका हुन् । लहान सिटि जेसिज वर्ष-२०११ को अध्यक्ष, नेपाल जेसिज

———*बाँकी ३ पेजमा*









फ्रेन्डस मोडेल हस्पिटल, लहान-४
(शिव मन्दिरको उत्तरपट्टि रघुनाथपुर)
हाम्रो सेवाहरू
NICU सहितको प्रसुति सेवा
२४ औं घण्टा इमरजेन्सी सेवा
डाक्टरहरू
बालरोग विशेषज्ञ डा. बृजेन्द्र यादव
मधुमेह, प्रेसर डा. ल्युस्युन यादव
प्रसुति रोग विशेषज्ञ डा. विरेन्द्र यादव

# मानव अधिकार वर्ष पुस्तक २०२१ को पूर्वसमीक्षा



**सिरहा ।** नेपाल मानव अधिकार वर्ष पुस्तक २०२१ का लागि सिरहामा संकलन गरिएका मानव अधिकार उल्लघंन र ज्यादतीका घटनाहरूको पुस्तक प्रकाशन पूर्व सिरहामा वार्षिक समीक्षा गरिएको छ ।

इन्सेक सिरहाका अनुसार सन् २०२० को अवधिमा महिला र बालबालिका हिंसाका घटना बढी अभिलेख गरिएको छ । इन्सेकको तथ्यांकमा यो वर्षमा ११४ वटा मानव अधिकार उल्लघंन तथा ज्यादतीका घटना संकलन गरिएको छ ।

इन्सेक सिरहाका प्रतिनिधि दुर्गा परियारले प्रस्तुत गरेको प्रतिवेदनमा एक वर्षको अवधिमा परिवारजनबाट चार महिलाको हत्या, बलात्कारको ५२ घटनामा ३१ बालिका र २१ महिला गरी ५२ जना पीडित भएको तथ्यांक प्रतिनिधि परियारले प्रस्तुत गरे ।

कार्यक्रममा प्रमुख अतिथि लहान नगरपालिकाका उपप्रमुख सरियारकुमारी चौधरीले इन्सेकको अभिलेखनले सरोकारवालाहरूलाई पनि जिम्मेबार बनाउन मदत पुग्ने गरेको बताइन् । उपप्रमुखर चौधरीले मानवअधिकार संरक्षणमा सबैको भूमिका अपरिहार्य रहेकोले आफनो तर्फबाट सबै किसिमको सहयोग गर्ने प्रतिबद्धता व्यक्त गरिन ।

इलाका प्रहरी कार्यालय लहानका डिएसपी शरतकुमार थापा क्षेत्रीले मानव अधिकारको संरक्षण र उल्लंघनमा प्रहरीनै अग्र पंत्तिमा रहने बताए । प्रहरीको नीति नै अपराधलाई शुन्यमा झार्ने रहेकोले अनुसन्धानको पाटोमा कुनै कसर बाँकी नराखी कानुनले मापन गरेका घटनाहरूमा प्रहरीले मुद्दा दर्ता गरी कारबही प्रकृया अगाडी बढाउने बताए । उनले समाजमा हुने गरेका घटनाहरूको रोकथाम र नियन्त्रणका लागि सबैको सहकार्य आवश्यक रहेको बताए ।

कार्यक्रममा नेपाल पत्रकार महासंघका सभापति दिनेश्वर प्रसाद गुप्ता, मणिलाल विश्वकर्मा, अधिकारकर्मीहरू देवराज पोखरेल, श्यामकुमारी साह, शर्मिला निरौला, देवकुमारी महरा, दलित जनकल्याण युवा क्लबका अध्यक्ष उमेश बिसुन्के लगायतले प्रतिवेदनमा टिप्पणी गरेका थिए ।

## सिरहाका ...

संसद विघटन विरूद्ध सिरहा क्षेत्र नम्बर ३ को आयोजनामा पूर्वघोषित विरोधका कार्यक्रम अन्तर्गत सदरमुकाम सिरहामा निकालिएको विरोध र्‍यालीपछि कोणसभालाई सम्बोधन गर्दै उनले पार्टीको आन्तरिक कलह मिलाउन नसकेर सत्तामा बसिरह्न संविधानमा नभएको कुरालाई आफ्नो स्वार्थ अनूकुल अपव्यख्या गरेर संसद विघटन गरेको आरोप लगाइन ।

'देशको विकास र समृद्धिका लागि जनताले अत्यधिक मत दिएर नेकपाको बहुमतिय सरकार बनाइदिएको थियो,' उनले भनिन, 'जनताको हितमा विकास गर्नुभन्दा आफ्नो स्वार्थपूर्ति गर्नैतिर लाग्यो ।'

जनसमर्थनको अगाडि आजसम्म कुनै पनि शक्ति टिक्न नसकेको जिकिर गर्दै उनले केपी ओलीले बहुमतको आडमा जनहितलाई समाप्त पार्न चालेको पाइलालाई जनताले आउने केही दिनमै चकनाचुर पार्ने बताइन् । 'कांग्रेस सधै जनताको साथमा थियो, छ र रहिरह्ने छन्,' कोषाध्यक्ष यादवको भनाइ थियो, 'जनताले दिएको विश्वासका मतलाई अनादर गर्दै जनहितकै विरूद्ध जालझेल गर्ने र संसद विघटनलाई शक्तिलाई सुन्यमा झार्नुपर्छ ।'

केपी ओलीको असंवैधानिक कदम सच्चिएर संसद पुर्नस्थापना नभएसम्म जारी रह्ने आन्दोलनका लागि तयार रह्न उनले सबैसँग आग्रह गर्दै आ–आफ्नो व्यक्तिगत कामलाई त्यागेर परिवर्तनकारी अभियान अन्तर्गत गरिएको र्‍यालीमा सहभागी भएकाहरूलाई उनले बधाई दिइन् । ओलीको असंवैधानिक कदमबाट कांग्रेस एक इन्च पनि नडराएर अग्रमोर्चामा रही परिणाम

————बाँकी ३ पेजमा

# पञ्चायतपछिको ३0 वर्ष : न विस्मात्, न हर्ष

**डा. शंकर शर्मा**



२०१७ सालमा प्रजातन्त्र खोसिएपछि ३० वर्ष निर्दलीय पञ्चायती व्यवस्थाको अभ्यास गरियो । पञ्चायतमा नागरिक स्वतन्त्रता विकास निर्माण तथा सरकारले गर्ने काममा नागरिक सहभागिताको गुञ्जायस थिएन । नियन्त्रित अर्थव्यवस्था भएकाले सबै काम राज्यले गर्नुपर्छ भन्ने मान्यता थियो । यी सबै कारणले गर्दा राज्यको भूमिका धेरै थियो । यद्यपि पञ्चायत कालमा केही भौतिक पूर्वाधार, औद्योगिकीकरण, वनफडानीमार्फत कृषियोग्य जमिनको विस्तार लगायतका काम भएका थिए । लाइसेन्स राज र राज्य नियन्त्रित अर्थतन्त्र भएकाले बजारको भूमिका धेरै थिएन ।

उत्पादनदेखि व्यापारसम्म राज्य संरक्षित कम्पनीहरु नै संलग्न थिए । सन् १९८३र८४ तिर हाम्रो व्यापार घाटा, बजेट घाटा, सापटी बढेको देखिन्छ । २०४१ र ४२ सालदेखि नै नेपालले विश्व बैंक र अन्तर्राष्ट्रिय मुद्रा कोषसँग 'स्ट्रक्चरल एडजस्टमेन्ट सपोर्ट' नामक सहयोग लिएर राज्यको भूमिका कम गर्ने र निजी क्षेत्रलाई अघि बढाउने प्रतिबध्दता गरेको देखिन्छ । त्यसपछि पञ्चायतकै उत्तरार्ध्दतिर केही विदेशी बैंक नेपाल पनि भित्रिए तर, नेपालमा सोचेअनुसारको व्यवसाय नपाएपछि कतिपय त सेयर बेचेर पनि बाहिरिए । विश्वभर निजी क्षेत्र र बजारको भूमिका बढाउने गरी खुला र उदार अर्थतन्त्रको लहर चल्दै थियो ।

ठीक यही बेला नेपालमा २०४६ को राजनीतिक परिवर्तन भयो । प्रजातन्त्र प्राप्तिपछि निर्वाचित सरकारले कानुनी, प्रशासनिक र प्रक्रियागत ( व्यावहारिक) सुधार अघि बढायो । जसले आर्थिक विकासको एउटा माहौल सिर्जना गर्‍यो । नागरिकसमक्ष सेवा प्रवाहलाई चुस्त बनाउन नियन्त्रित व्यवस्था, प्रक्रियागत झञ्झट, सीमित र राज्यका संयन्त्रमा पकड भएकाले मात्र व्यवसायका लागि लाइसेन्स दिने चलन हटाएर प्रतिस्पर्धा र मापदण्डका आधारमा सबैलाई समान व्यवहार गर्न थालियो । यस आलेखमा म पञ्चायतकालीन ३० वर्षभन्दा पनि २०४६ को राजनीतिक परिवर्तनपछिको ३० वर्षको कमजोरी र सशक्त पक्षका सम्बन्धमा चर्चा गर्ने प्रयास गर्दै छु ।

धेरै गुणा रेमिट्यान्स बढेपछि यसले मुलुकमा उपभोग बढायो । औद्योगिक क्षेत्रको विस्तारको गति कमजोर भयो । निर्दलीय पञ्चायती व्यवस्थापछिको ३० वर्षको अवधिलाई तीनओटा कालखण्डमा विश्लेषण गर्नुउपयुक्त हुन्छ । २०४७ सालदेखि २०५६ सालसम्म आर्थिक उदारीकरण र सुधारका कामले गति लिँदै थिए, यद्यपि २०५२ को अन्त्यदेखि माओवादीको सशस्त्र द्वन्द्व सुरू भइसकेको थियो ।

त्यसपछि २०५७ देखि माओवादीको द्वन्द्व पनि उत्कर्षमा जान थाल्यो, राजनीतिक अस्थिरता झनै बढ्न थाल्यो । राजदरबार हत्याकाण्ड, राजाको प्रत्यक्ष शासन, जनआन्दोलन र शान्ति प्रक्रिया हुँदै पहिलो संविधानसभासम्मको प्रवेशलाई २०५७ देखि २०६५ को कालखण्डमा र त्यसयताको दश वर्षलाई छुट्टाछुट्टै कालखण्डका रुपमा हेर्नु उचित हुन्छ ।

**निर्वाचित प्रजातान्त्रिक सरकार र आर्थिक उदारीकरणको लहर**

२०४६ को जनआन्दोलन समाप्त भएसँगै अन्तरिम सरकार बन्यो । त्यही सरकारले नयाँ संविधान जारी गराउँदै आमनिर्वाचन गराएपछि नेपाली कांग्रेसको बहुमतको सरकार बन्यो । बहुमतको सरकार गठन भएपछि सरकारमा रहेर अर्थतन्त्रलाई अघि बढाउन अनुभवी मानिसलाई ठाउँ दिइयो । निर्वाचनबाट आएको प्रजातान्त्रिक सरकार भएका कारण विकास साझेदारहरुले पनि सहयोगको हात अघि बढाए । त्यतिबेलाको सरकारले अर्थतन्त्रमा सुधारका लागि विश्वसनीय संस्थाहरुबाट आएका अनुसन्धानका निष्कर्षलाई पनि मनन गर्‍यो । त्यतिबेला विश्वभरिबाटै आर्थिक उदारीकरणको लहर पनि आइरहेको थियो ।

खुला र उदार नीतिमात्र होइन, करका क्षेत्रमा पनि आयकर ऐन बन्यो । मूल्य अभिवृध्दि कर (भ्याट) ऐन कार्यान्वयन भयो । खुला र उदार नीतिका कारण व्यावसायिक क्षेत्रमा धेरैले अवसर पनि पाए । संरक्षित र लाइसेन्स राजमा बसिरहेकाहरु बाहेक निजी क्षेत्रको विस्तारका लागि लगानीको बाटो खोलिदियो । नेपालको निजीक्षेत्रको विस्तारका लागि यस कालखण्डमा भएका नीतिगत व्यवस्था हुन् । बजार अर्थतन्त्र भएका कारण निजी क्षेत्रको भूमिका बढेका कारण त्यसलाई नियमन गर्न नयाँ कानुनी व्यवस्था आए । नियामकीय व्यवस्था करसम्बन्धी नयाँ ऐन व्यावसायिक क्षेत्रको विरोधका बाबजुद अर्थतन्त्रमा सुधारका लागि ल्याइएका थिए ।

प्रत्यक्ष विदेशी लगानी नियमित रुपमा भित्रिन थाल्यो । सापेक्ष रुपमा लगानी बढ्न थालेको २०४७ पछि हो । निर्वाचित प्रजातान्त्रिक सरकारले उदार अर्थव्यवस्था अंगीकार गरेको र सुधारका काम अघि बढाएकामा विदेशी लगानीकर्ताको विश्वास पनि वृध्दि भयो । खुला आर्थिक नीति अवलम्बन गरेपछि पर्यटन, वायु सेवा, स्वास्थ्य, शिक्षा, दूरसञ्चारका क्षेत्रमा लगानी बढ्यो । व्यापार बढ्यो । यसले गर्दा गैरकृषि क्षेत्रको वृध्दिदर ह्वात्तै बढ्यो ।

कर्मचारीतन्त्रले समेत उदार र खुला आर्थिक व्यवस्थालाई अंगीकार गरिसकेकाले त्यो सोचमा परिवर्तन आउने सवाल रहेन । सुरूका एक–दुई आर्थिक वर्षसम्म ९.८ प्रतिशत अर्थात् झन्डै दोहोरो अंकको वृध्दिदर गैरकृषि क्षेत्रमा देखियो । समग्र आर्थिक वृध्दिदर ६ प्रतिशतमाथि नै भयो । २०५१ सालमा नेकपा एमालेको सरकार बने पनि उनीहरु अत्यन्त छोटो समय सरकारमा रहे । तर कर्मचारीतन्त्रले समेत उदार र खुला आर्थिक व्यवस्थालाई अंगीकार गरिसकेकाले त्यो सोचमा परिवर्तन आउने सवाल रहेन ।

यद्यपि, उक्त कालखण्डमा जति छिटो निजी क्षेत्रका लागि खुला (डिरेगुलेसन) भयो, तर त्यही अनुपातमा नियामकीय निकायहरुको स्थापनामा ढिलाइ भयो । त्यसले गर्दा एकाधिकार र प्रतिस्पर्धालाई बाधा पुग्ने काम भए । त्यस्तै कृषिका क्षेत्रमा त्यो समयमा पनि धेरै मानिस निर्भर थिए । गैरकृषि क्षेत्रमा जति सुधार भयो कृषि क्षेत्रमा सुधार हुन सकेन । हुन त त्यसबेला कृषि क्षेत्रमा सुधारका लागि दीर्घकालीन कृषि योजना (एग्रिकल्चर पर्स्पेक्टिभ प्लान) ल्याइयो ।

वास्तवमा कृषिको विकासका लागि प्रविधि, कृषि प्रसार सेवा, पूर्वाधार (बाटोघाटो र सिँचाइ लगायत) र पुँजीको पहुँच चाहिन्थ्यो तर त्यो हुन सकेन । पञ्चायतकालीन समयमा वन फडाँनी गरेर कृषियोग्य जमिन निकै बढाइएको कारण कृषि उत्पादन उल्लेख्य बढेको थियो । तर २०४६ पछिको कालखण्डमा वन फँडानी गरेर खेतीयोग्य जमिन विस्तार गर्ने काम पनि रोकियो साथै प्रविधि र पूर्वाधारमार्फत सहयोग पनि भएन । केही पूर्वाधार बने पनि त्यो पर्याप्त थिएन । यसले पनि कृषि क्षेत्रको विस्तार भने रोकियो । उक्त समयमा केही पूर्वाधार योजनाहरुको अवधारणा अघि बढाइएको थियो । सुख्खा बन्दरगाह, मेलम्ची खानेपानी आयोजना, रणनीतिक सडक निर्माणको अवधारणा अघि बढेका थिए । निजी क्षेत्रको विस्तारका लागि खुला र उदार आर्थिक व्यवस्थाले सहयोग त गर्‍यो । तर हाम्रो व्यवसाय गर्ने उच्च लागत, दक्ष र सीपयुक्त जनशक्ति भने सीमित थियो । खासगरी आलोचना हुने विषय सार्वजनिक क्षेत्रको शिक्षा र स्वास्थ्य क्षेत्रमा भने त्यति सुधार गर्न सकिएन । शिक्षा र स्वास्थ्यमा निजी क्षेत्रको लगानी भएका संस्थाहरु कुशल र प्रतिस्पर्धी पनि भए । तर सार्वजनिक क्षेत्रका शिक्षा र स्वास्थ्य सेवाको अवस्था भने कमजोर नै रह्यो । अर्को कमजोरी के भयो भने जति कर्मचारी अथवा नेताहरुलाई जवाफदेही बनाउनुपर्थ्यो, त्यति जवाफदेही बनाउन सकिएन ।

**सार्वजनिक क्षेत्रको शिक्षा र स्वास्थ्य क्षेत्रमा भने त्यति सुधार गर्न सकिएन ।**

हामीकहाँ राम्रा र दक्ष कर्मचारी नभएका होइनन्, तर उनीहरु ऐन–कानुनले बाँधिएका छन् त्यसमाथि अख्तियार दुरूपयोग अनुसन्धान आयोग, राष्ट्रिय सतर्कता केन्द्रको 'थ्रेट' उनीहरुमा हरदम देखिन्छ । राजनीतिक नेतृत्वले कर्मचारीतन्त्रलाई ऊर्जा पनि दिन सकेन, उपलब्धिमूलक ढंगले अघि बढाउन पनि सकेन र जवाफदेही पनि बनाउन सकेन ।

**दलहरुमा आन्तरिक खिचातनी, ध्रुवीकरण र गुटबन्दी**

राजनीतिक तहमा पनि टेक्नोक्र्याटहरुको प्रवेश, विज्ञ, अनुसन्धान, विकास साझेदारको सहयोगले २०४७ पछि सुधारका गतिविधि तीव्र ढंगले अघि बढे र नयाँ ऊर्जा पनि देखिँदै थियो । ठीक यही समयमा पार्टी राजनीतिमा ध्रुवीकरण देखिन थाल्यो । अल्पमतका सरकारहरु बन्न थालेपछि राजनीतिक दलहरु र दलभित्रैको ध्रुवीकरण तीव्र भयो । यसले योग्यतासम्बन्धी मापदण्ड भत्किन थाले ।सार्वजनिक संस्थाहरुमा आफ्ना मान्छे राखेर आफ्नो नियन्त्रणमा राख्न खोज्ने चलन देखियो । पार्टीभित्रै सबैभन्दा ठूलो ध्रुवीकरण नेपाली कांग्रेसभित्र देखियो । कृष्णप्रसाद भट्टराई, गणेशमान सिंह, गिरिजाप्रसाद कोइरालाबीच ध्रुवीकरण देखियो । त्यहीबीचमा शेरबहादुर देउवाको पनि प्रवेश भयो । कांग्रेस र एमाले दुई ठूला दलको झगडाले तेस्रो दलले सरकार बनाउने र सांसद किनबेचको क्रम पनि सुरू भयो । तेस्रो दलका रुपमा राप्रपाले सरकार बनाए पनि उनीहरुसँग भएका मान्छे पनि अनुभवी नै थिए । उनीहरुले आर्थिक सुधारको क्रमलाई भत्काएनन् । तर राजनीतिक ध्रुवीकरण, विकृत राजनीतिक अभ्यासले अस्थिर सरकार, मेरिटोक्रेसी (योग्यता)लाई लत्याउने क्रम सुरू भयो ।

राजनीतिक ध्रुवीकरण, सुधारको क्रममा 'ब्रेक' लागेसँगै

————बाँकी ४ पेजमा

## आजको राशिफल

हाम्रो पात्रोबाट साभार

**मेष** :- मन लोभ्याउने पहिरनले अरुको नजर आफूमाथि पार्नेछ । व्यापार ब्यबसायबाट आम्दानी हुनेछ । घरमा अतिथीको आगमन हुनेछ ।

**वृष** :- आज नयाँ कमको थालनी हुनेछ । कला,साहित्य तथा संगीतमा रूचि बढ्नेछ । अग्रजहरुको अनुभव अनुसार अवसर पहिल्याउन सकिनेछ ।

**मिथुन**:- आजको दिन भाग्यशाली भएर देखा पर्नेछ । विद्या र बुद्धिको विकास हुनेछ । बैदेशिक कार्य अघी बढ्नेछ । इच्छा र आकांक्ष पूर्ण हुने भएको छ ।

**कर्कट** :- आज सामान हराउने वा चोरी हुने भयछ । विश्वासपात्रलाई वचन दिदा संयम अपनाउनुहोला । स्वास्थ्य प्रति सजकता अपनाउनु होला ।

**सिंह**:- आफन्तको प्रगतिमा मन रमाउनेछ । वैदेशिक क्षेत्रको काम अघी बढ्नेछ । भौतिक साधन जुटाउने समय छ । विद्या र बुद्धिके विकास हुनेछ ।

**कन्या** :- कार्य सम्पादनमा सहजता मिल्नेछ । मनोरञ्जनमा सहभागीता भइएला । गरेको कामबाट दोहोरो लाभ मिल्नेछ । न्यायिक कार्यमा सफलता पाईनेछ ।

**तुला** :- परीक्षा आदि प्रतिस्पर्धामा उर्तिण हुनसकिनेछ । घरमा अतिथीको आगमन हुनेछ । व्यापार व्यसायबाट लाभ मिल्नेछ । स्वादिष्ट भोजन पनि मिल्ला ।

**वृश्चिक** :- आज विपक्षीको छलकपट तथा जालझेलबाट सावधान रहनुपर्नेछ । सौन्दर्यतामा धन खर्च हुनेछ । जिद्दीपनाले गर्दा काम बिग्रने डर छ ।

**धनु** :- आज आफ्नै दक्षतामा विभिन्न कार्यहरु सम्पन्न हुनेछन् । आर्थिक क्षेत्रमा राम्रो सफलता मिल्ला । साथी भाईको भेटघाटले मन प्रफुल्ल रहला ।

**मकर**:- दान-पुण्यजस्ता कार्यमा सहभागी भइनेछ । नयाँ कार्य वा रोजगारको अवसर मिल्नेछ । पारिवार संग रमाइलो भेटघाट हुनेछ ।

**कुम्भ**:- आज मन पर्ने वस्त्र, अलंकार आदि उपहार पाइने योग छ । व्यापार व्यसायबाट लाभनै मिल्नेछ । स्वादिष्ट भोजनको आनन्द समेत पाइएला ।

**मिन** :- शुभकार्यको चर्चा चल्नेछ । श्रमको उचित मुल्याङ्न हुनेछ । शैक्षिक क्षेत्रमा सफलता मिल्नेछ । प्रणयसम्बन्ध र रतिराग बढाउने समय रहेको छ ।

# सिरहा जिल्लामा मानव अधिकारको अवस्था

दुर्गा परियार



अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)ले स्थापनाकाल (सन् १९८८) यता बर्सेनि 'मानवअधिकार वर्ष पुस्तक' प्रकाशन गरिरहेको छ । त्यही क्रममा हामी 'मानवअधिकार वर्ष पुस्तक सन्–२०२१' को वार्षिक पूर्व समीक्षामा छौं । मानवअधिकार तथा सामाजिक न्यायका लागि कार्यरत इन्सेकले प्रकाशन गर्ने मानवअधिकार वर्ष पुस्तकमा राखिने जनवरी २०२० देखि डिसेम्बर २० सम्म जिल्लामा भएका मानवअधिकार उल्लंघनका घटनाहरु यहाँ समेट्ने प्रयास गरिएको छ ।

विगतका हरेक समीक्षामा संकलित सुझावलाई मध्यनजर गर्दै यो वर्ष राज्यका संयन्त्र अर्थात् प्रहरी–प्रशासन, स्थानीय निकाय, महिला तथा मानवअधिकार संघ संस्था तथा संचार माध्यममा आएका मात्र नभई बाहिर आउन नसकेका घटनालाई पनि समेट्ने प्रयास गरिएको छ, जहाँ अहिले पनि सचेतना, कानुनी उपचार र न्यायको खाँचो छ । सन् २०१९ लाई हेर्दा सिरहामा भएका बलात्कार, बहुविवाह, बोक्सी हिंसाजस्ता घटनाले सन् २०२० मा पनि निरन्तरता पाएको अवस्था छ । सन् २०२० मा गाउँघरमा हुने सानातिना झैं–झगडा र विवादमा जातिगत रुपबाट गालीगलौज गर्ने परिपाटी पनि विकास भएको पाइन्छ । पुरूषले मादकपदार्थ सेवन गरेका कारण महिलाहरु पीडित बनेका घटनाले निरन्तरता पाएको देखिन्छ ।

सन् २०२० मा बालिका बलात्कारका घटनाले अघिल्ला वर्षहरुमा जस्तै निरन्तरता पाएको छ । गत वर्षको तथ्याकलाई हेर्ने हो भने यस वर्ष बलात्कारको घटनामा वृद्धि भएको पाइन्छ । गत वर्षको १२ महिनामा ४८ वटा बलात्कारका घटना थिए भने यस वर्षको १२ महिनामा ५२ वटा बलात्कार तथा सामूहिक बलात्कारको घटना डिसेम्बरको २० सम्म भएको पाइन्छ । ४ वर्षको बालिका देखि ४४ वर्षीया महिला सम्म बलात्कारबाट पीडित भएका छन भने १५ वर्षीय बालक देखि ६० वर्षीय पुरूष सम्म घटनामा संलग्न भएको यस वर्षको तथ्याकमा देखिन्छ । ५२ वटा बलात्कारका घटनाका आरोपितहरू मध्ये ३८ जना गिरफतारमा परेका छन भने बाकि घटनामा संलग्न व्यक्तिहरू फरार रहेका छन् । गत वर्ष झै यस वर्ष पनि बहुविवाहका घटनाहरू भएका छन ।

यस वर्षमा १० वटा बहुविवाहका घटना दर्ता भएका छन । त्यसैगरी ४ जना महिलाहरूको परिवारजनबाट हत्या भएका तथ्यांक संकलन गरिएको छ । त्यसैगरी महिला तथा बालबालिकाहरू माथी बलात्कारको प्रयासका घटना गत वर्ष झै भएको पाइएको छ । त्यसैगरी आत्महत्याका घटनाहरूमा वृद्धि भएको छ भने । २०७६ पुस महिनादेखि २०७७ मंसिर सम्म ९५ जना महिला तथा बालबालिकाहरूले आत्महत्या गरेको तथ्याकं जिल्ला प्रहरमि दर्ता छ भने आफुखुसि तथा परिवारको सहमतीमा हुने बालविवाहहरूले निरन्तरता पाएको छ ।

यस १२ महिनाको अवधीमा ११४ वटा घटना गैरराज्य पक्षबाट भएको पाइएको छ । ११४ वटा घटनामा ११० महिला ४ जना पुरूष गरी ११४जना पीडित भएको पाइएको छ ।

यस वर्षमा सिरहा जिल्लाको १७ वटै स्थानीयतहहरूको घटना तथ्याकलाई हेर्ने हो भने लहान नपामा १२, मिर्चैयामा १६, गोलबजारमा १०, धनगढीमामाईमा ९, सुखिपुर नपामा ४, सिरहा नपामा १४, कर्जन्हा नपामा १२, कल्याणपुर नपामा १०, औरही गापामा १, भगवानपुर गापामा ३, सखुवानन्कारकट्टी गापामा १, बरियारपट्टी गापामा ४, नरहा गापामा १, विष्णुपुर गापामा ४, लक्ष्मीपुर पतारी गापामा ५, नवराजपुर गापामा ४ र अर्नमा गापामा ४ वटा घटनाहरू संकलन गरिएको छ ।

सन २०२० मा कोरोना संक्रमणले गर्दा विश्वभरनै महामारीको रूप लिएको सबैलाइ जानकारीकै विषय हो । सिरहा जिल्लामा पनि कोरोना संक्रमणले यस वर्षमा उधोग, व्यापार तथा शैक्षिक क्षेत्रमा व्यापक असर परेको थियो भने अवस्था सामान्य हुदै गइ रहेको छ, भने हाल १८ पुरूष र ४ महिला गरी २२ जना संक्रमित उपचारमा रहनु भएको छ । २५ जनाको मृत्यू भैसकेको छ ।

यसैगरी नेकपाको आन्तरिक खिचलोको कारणले प्रधानमन्त्री ज्यूबाट भएको प्रतिनिधि सभा बिघटनको बिरोधमा सिरहामा पनि दैनिक जसो प्रदर्शन भएको अवस्था रहेको छ । स्थानीयतहरूमा रहेको न्यायीक समितिमा पीडितहरूको विश्वास अझै कायम नभएको तथा न्यायीक समितिहरूले प्रभावकारी काम गर्न नसको अवस्थामा प्रहरी निकायहरूमा पनि छलफल हुने प्राब्धानले महिलाहरूले न्यायको महसुस गर्न नसकेको अवस्था बिधमाननै रहेको पाइन्छ ।

| घटनाको प्रकार | गैरराज्यबाट | | | | राज्यबाट | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | घटना संख्या | महिला | पुरूष | जम्मा | घटना संख्या | म. | पुरूष | जम्मा | कैफियत |
| परिवारजनबाट हत्या | ४ | ४ | | ४ | | | | | |
| अन्यबाट हत्या | ८ | ५ | ३ | ८ | | | | | |
| कुटपिट | १ | | १(बालक) | १ | | | | | |
| बलात्कार (बालिका) | ३१ | ३१ | | ३१ | | | | | |
| बलात्कार प्रयास(बालिका) | १८ | १८ | | १८ | | | | | |
| बलात्कार (महिला) | २१ | २१ | | २१ | | | | | |
| बलात्कार प्रयास (महिला | ९ | ९ | | ९ | | | | | |
| बेचबिखन | १ | १ | | १ | | | | | |
| कथित बोक्सीको आरोप | ९ | ९ | | ९ | | | | | |
| बहुबिबाह | १० | १० | | १० | | | | | |
| बालबिबाह | २ | २ | | २ | | | | | |
| जम्मा | ११४ | ११० | ४ | ११४ | | | | | |

## सिरहाका ...

नआएसम्म चौतर्फी रूपमा संघर्षका कार्यक्रम जारी राख्ने र त्यसबाट हुने नोक्सानीको जिम्मा सरकारले नै लिनुपर्ने उनले बताईन ।

**'कम्युनिष्टले लोकतन्त्रलाई समाप्त पार्न खोज्यो' :डा.सुभाषचन्द्र**

बहुरूपियाको रूप धारण गरेर विभिन्न संघर्षको बलमा प्राप्त संघीयता र लोकतन्त्रलाई कम्युनिस्ट पक्षधर पार्टी तथा तीनका नेताहरूले समाप्त पार्न खोजेको कांग्रेस महासमिति सदस्य डा.सुभाषन्द्र यादवले बताए । सरकार, सडक र जगंल गरी कम्युनिष्टहरूले तीन थरिका रूपधारण गरेर जनतासँग अन्तरघात गर्दै आएको उनले आरोप लगाए । राणा र राजा तथा अन्य जनविरोधी शक्तिलाई परास्त गर्दै विस्थापित गरेर जनहितकारी शासन व्यवस्था ल्याएको काँग्रेस केपी ओलीको असंबैधानिक कदमबाट रतिभर नडराउने उनले प्रष्ट पारे । उनका अनुसार ओलीसँगै कम्युनिस्टको रावण जतिको घमण्डलाई चकनाचुर पारेर कांग्रेसले विधिको शासनको प्रत्याभुति दिलाउने छन् । संसद विघटन गर्नुपर्ने कुनै कारण र अवस्था नआएको थप्दै नेकपाको आन्तरिक विवाद मिल्न नसकेर जनताको मतलाई अनादर गर्दै प्रधानमन्त्री केपी शर्मा ओलीले आफ्नो व्यक्तिगत स्वार्थपूर्तिका लागि संसद विघटन गर्न अघि सारेको प्रस्तावमा खासै अध्ययन नै नगरी राष्ट्रपतिले सहीछाप गरिदिएको महासमिति सदस्य यादवको ठम्याई छ ।

कांग्रेस कोषाध्यक्ष सितादेवी यादवको निवासबाट निस्केको र्‍याली सिरहा बजारको विभिन्न भाग परिक्रमा गर्दै यहाँको थाना चौकमा रहेको सहिद राजेश ठाकुर पार्कमा कोणसभामा परिणत भएको थियो । सभामा काँग्रेस नेताहरू अमर रेग्मी, गंगाराम यादव, जीवछ गुप्ता, अषिशलाल यादव लगायतले प्रधानमन्त्री ओलीले गरेको संसद विघटनालाई असंबैधानिक कदम भन्दै बेलैमा सच्चिन चेतावनी दिए । बेलैमा असंबैधानिक कदम नसच्चिए त्यसबाट उत्पन्न सम्पूण परिस्थितिको जिम्मा नेकपा र ओलीलाई लिनुपर्ने उनीहरूको भनाई थियो ।

## सिनेटर ...

वर्ष २०१६ को राष्ट्रिय कार्यकारिणी उपाध्यक्ष तथा नेपाल जेसिज वर्ष २०१७ को कानुनी सल्लाहकारका साथै लहान नगरपालिकामा लामो समय देखि अध्यापन पेशामा संलग्न, सफ्टेक कलेजका उनी एकेडमी निर्देशक समेत हुन । एलएमसी कलेज तथा विधापति क्याम्पसका संचालक सिनेटर राजाबाबु साहले नेपालको मेची देखि महाकाली सम्म विभिन्न स्थानमा समय सापेक्ष तालीम संचालन गर्दै देशको नागरिक र समाजमा सकारात्मक परिवर्तन ल्याउने अभियानमा खटिदै आएका छन् । उनको कार्यको उच्च मुल्यांकन गर्दै नेपाल जेसिजले यस वर्ष पनि सो एवार्डबाट सम्मानित गरेको हो । नेपाल जेसिज बाट वर्ष २०१७ देखि नै साह निरन्तर रूपमा 'वेस्ट ट्रेनर अफ द इयर एवाडवार्ड' बाट सम्मानित हुँदै आएका छन् ।

नेपाल जेसिजको ४७ औं राष्ट्रिय महाधिवेशनबाट वर्ष–२०२१ को नेतृत्वका लागि अध्यक्ष पदमा चितवनको बिसहजार जेसिजका अरूणेश्वर खनाल विजयी भएका छन् । खनालले एक हजार ९० मत पाउँदा उनका निकटतम प्रतिद्वन्द्वी लालमणि भण्डारीले पाँच सय १२ मत मात्र पाए । सात अध्यक्ष मध्ये तीन उम्मेदवारले आफ्ना पक्षमा उम्मेदवारी फिर्ता लिएपछि खनाल उच्च मनोबलका साथ मैदानमा थिए । उनी यसअघिको अध्यक्ष दौडमा पराजित भए पनि यसपटकको भलबारी (रूपन्देही) महाधिवेशनमा खनालले आधा भन्दा बढी मतान्तरले जित हासिल गरे ।

बिसहजार जेसिज चितवनका तर्फबाट दोस्रोपटक अध्यक्षको दौडमा उत्रिएका खनालले यसअघि नेपाल जेसिजमा कार्यकारी उपाध्यक्ष, महासचिवलगायतका पदमा काम गरिसकेका छन् । नेपाल जेसिजको कार्यकारिणी उपाध्यक्षमा १ हजार ३ मतसहित सुमन कृष्ण श्रेष्ठ क्रमशः अरूण कुमार दाहाल ९९९, भोजराज चापागाई ९४८ , शिव प्रसाद भुसाल ६७८ मत सहित विजयी भए ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरु

| | |
|---|---|
| वारुण यन्त्र, लहान | ०३३–५६३११९ |
| ईलाका प्रहरी कार्यालय, लहान | ०३३–५६०१५५ |
| ईलाका प्रशासन कार्यालय, लहान | ०३३–५६०२६६ |
| जि.ट्राफिक कार्यालय, लहान | ०३३–५६०७३७ |
| लहान नगरपालिकाको कार्यालय | ०३३–५६३१३८ |
| नेपाल विद्युत प्राधिकरण, लहान | ०३३–५६०२४६ |
| सव स्टेशन, लहान | ०३३–५६०४०० |
| नेपाल टेलिकम, लहान | ०३३–५६०४४४ |
| प्राविधिक शिक्षालय, लहान | ०३३–५६००१६ |
| अञ्चल यातायात कार्यालय, लहान | ०३३–५६०२१७ |
| रा.उ.स्मारक अस्पताल, लहान | ०३३–५६००१९ |
| आ. राजस्व कार्यालय, लहान | ०३३–५६००८८ |
| कृषि विकास बैंक, लहान | ०३३–५६०१४७ |
| कृषि सामाग्री संस्थान, लहान | ०३३–५६०१४८ |
| घरेलु तथा साना उद्योग, लहान | ०३३–५६०१२८ |
| दु.शा.अतिथि सदन, लहान | ०३३–५६०१६९ |
| आँखा अस्पताल, लहान | ०३३–५६००८० |
| जे.एस.मु.ब.क्याम्पस, लहान | ०३३–५६०२५२ |
| रक्त संचार केन्द्र, लहान | ०३३–५६०९७५ |
| मारवाडी सेवा सदन, लहान | ०३३–५६१४११ |
| जि.प्रशासन कार्यालय, सिरहा | ०३३–५२०१२३ |
| जिल्ला प्रहरी कार्यालय, सिरहा | ०३३–५२०११२ |
| नगर प्रहरी, सिरहा | ०३३–५२०२६७ |
| प्रहरी चौकी, माडर (सिरहा) | ०३३–५२०४०० |
| को.ले.नि.का. सिरहा | ०३३–५२०१३० |
| कृषि विकास बैंक, सिरहा | ०३३–५२०४७० |
| जिल्ला समन्वय विकास कार्यालय, सिरहा | ०३३–५२००३७ |
| सिरहा जिल्ला अदालत, सिरहा | ०३३–५२००५६ |
| जिल्ला अस्पताल, सिरहा | ०३३–५२००६४ |
| जनस्वास्थ्य कार्यालय, सिरहा | ०३३–५२००८१ |
| जिल्ला शिक्षा समन्वय इकाई शाखा, सिरहा | ०३३–५२०००४ |
| नेपाल टेलिकम, सिरहा | ०३३–५२००३३ |
| नेपाल विद्युत प्राधिकरण, सिरहा | ०३३–५२०१६१ |
| राष्ट्रिय बाणिज्य बैंक, सिरहा | ०३३–५२०००२ |
| रेडक्रस सोसाइटी, सिरहा | ०३३–५२००९५ |
| ईलाका प्रहरी कार्यालय, मिर्चैया | ०३३–५५०१०० |
| कृषि विकास बैंक, मिर्चैया | ०३३–५५०००५ |
| सिता नोबेल न्यूज सेन्टर | ०३३–५६००२७ |
| सविना बुक्स एण्ड सप्लायर्स लहान–७ | ०३३–५६०५११ |
| स्वस्तिका इलेक्ट्रिक एण्ड जेनरल अर्डर सप्लायर्स लहान–१० | ९८४२८९०९६५ |

## नगरवासीका लागि जनहितमा जारी सार्वजनिक सन्देश !

*शीत–लहरको समयमा चिसोका कारण मानिसको मृत्युसमेत हुन सक्छ त्यसैले :*

१. न्यानो कपडाको जोहो समयमैं गरौं । २. शीत–लहरको समयमा घरबाहिर खुला स्थानमा धेरै समय नबिताऔं, घरबाहिर निस्कनु परेमा वा धेरै समय बिताउनु पर्ने भएमा न्यानो कपडा लगाऔं । ३. रातको समयमा सिरक, कम्बलजस्ता न्यानो कपडा ओढ्ने गरौं । घरभित्र राति सुत्दा शरीरका साथै अनिवार्यरुपमा छाति तथा टाउको ढाक्ने प्रबन्ध मिलाऔं । ४. शीत–लहर चलेको समयमा आगो तापेर शरीरलाई न्यानो राख्ने गरौं । ५. चिसोको समयमा शरीरलाई चाहिने आवश्यक तातो झोलयुक्त खाने कुराहरु खाने बानीको विकास गरौं । ६. बालबालिका, वृद्धवृद्धा, गर्भवती महिला तथा बिरामीहरुको हेरचाहमा विशेष सतर्कता अपनाउँदै न्यानो अवस्थामा राख्ने व्यवस्था मिलाऔं । ७. चिसोको कारण बिरामी भएमा तत्कालै नजिकको स्वास्थ्य चौकी वा अस्पतालमा तुरुन्त उपचारको लागि जाने बानीको विकास गरौं । ८. शीत–लहर चलेको बेलामा पाल्तु पशुपंक्षीलाई सकेसम्म खुल्ला स्थानमा चराउन नलैजाऔं । गोठ/टहरामैं राखेर पर्याप्त घाँस, पराल र दाना दिने व्यवस्था मिलाऔं । ९. चिसोका कारण पशुपंक्षी बिरामी भएमा नजिकैको पशु चिकित्सालयमा तुरुन्तै सम्पर्क गरी औषधी/उपचार गर्न लैजाऔं । १०. कोठाभित्र आगो बाली तातो पार्दा पर्याप्त भेण्टिलेसनको व्यवस्था मिलाउन नभुलौं ।

लहान नगरपालिका कार्यालय, सिरहा

मिर्चैया नगरपालिका कार्यालय, सिरहा

कल्याणपुर नगरपालिका कार्यालय, सिरहा

गोलबजार नगरपालिका कार्यालय, सिरहा

कर्जन्हा नगरपालिका कार्यालय, सिरहा

सुखीपुर नगरपालिका कार्यालय, सिरहा

धनगढीमाई नगरपालिका कार्यालय, सिरहा

सिरहा नगरपालिका कार्यालय, सिरहा

## किसान र सरकारबीच सहमति

# २१ दिनभित्र उखुको भुक्तानी दिने

उखु किसानको १६ दिनको आन्दोलनपछि सरकार र आन्दोलनरत किसानबीच सहमति भएको छ । उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयमा भएको वार्तामा चिनी मिलहरूले २१ दिन भित्र भुक्तानी उपलब्ध गराउने सोमबार सहमति भएको छ ।

किसानहरूको आन्दोलनकै बीच श्रीराम सुगर मिल्सले यसको ३५ करोड बक्यौतामध्ये २६ करोड ८६ लाख रूपैंया भुक्तानी गरेको छ । त्यस्तै अन्नपूर्ण सुगर मिल्सले १७ करोड बक्यौतामध्ये ५ करोड ३६ लाख भुक्तानी दिएको छ । इन्दिरा सुगर मिल्सले यसको ४ करोड ७० लाख बक्यौतामध्ये डेढ करोड तत्काल भुक्तानी गर्ने र बाँकी २१ दिन भित्र भुक्तानी गर्ने प्रतिबद्धता गरेको छ । लुम्बिनी सुगर मिल्सले ८ करोड ४१ लख भुक्तानी दिन बाँकी छ । यसका सञ्चालक मनिषकुमार अग्रवालको निधन भएपछि उखु किसानको भुक्तानी केही वर्षदेखि अवरूद्ध भएको छ । उखु किसान संघर्ष समितिका प्रतिनिधिहरु र मन्त्रालयबीच भएको वार्तामा उखु किसान र चिनी मिल सञ्चालकहरूका समस्याका सम्बन्धमा समेत अध्ययन गरी दीर्घकालीन समाधान सिफारिश गर्नेगरी १२० दिनभित्र प्रतिवेदन पेश गर्न उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, कृषि तथा पशुपंक्षी विकास मन्त्रालय, गृह मन्त्रालय, उखु किसान र चिनी उत्पादक संघका प्रतिनिधि रहने गरी एक प्राविधिक समिति गठन गर्ने सहमति भएको छ । उखु किसानले माग गरे बमोजिम जिल्ला प्रशासन कार्यालयले लगाएको तौला काँटा सम्बन्धि नियम हटाउन उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय सहमत भएको छ । सरकार र उखु किसानबीचको सहमतिपत्रमा मन्त्रालयका सहसचिव नारायणप्रसाद रेग्मी र उखु किसान संघर्ष समितिका अध्यक्ष रामस्वार्थ रायले हस्ताक्षर गरेका छन् ।

## पञ्चायतपछिको ...

व्यावसायिक समूह राजनीतिमा क्रमशः हाबी हुन थाले । राजनीतिक गुटहरूमा व्यवसायीको प्रभाव बढ्दै गयो । निर्माण व्यवसायीहरु र केही स्थापित व्यावसायिक घरानाहरूले क्रमशः राजनीतिक दलमा र राज्यका संयन्त्रहरूमा प्रभाव बढाउँदै गए । जति राजनीतिक ध्रुवीकरण बढ्यो, बाह्य शक्तिहरूको प्रभाव बढ्ने नै भयो ।

**द्वन्द्वको उत्कर्ष, शान्ति सम्झौता र पहिलो संविधानसभा**

माओवादी द्वन्द्वको बीजारोपण २०५२ सालको अन्त्यतिरबाट भए पनि सशस्त्र द्वन्द्वको उत्कर्षमा भने २०५६ देखि १२ बुँदे दिल्ली सम्झौतासम्मको अवधिलाई लिन सकिन्छ । जति पनि सुधार र अर्थतन्त्रको विस्तारका लागि अघि बढाइएका काम थिए, त्यी ठप्प भए । गाउँघरबाट मानिस विस्थापित भए । गैरकृषि क्षेत्रको वृध्दिदरमा गिरावट आयो । यो चरणमा औद्योगिक क्षेत्रको वृध्दिदर ३ प्रतिशत र सेवा क्षेत्रको वृध्दिदर ४.६ प्रतिशत रह्यो ।

गाउँघरबाट विस्थापित भएका मानिस अर्धसहरी र सहरी क्षेत्रमा बसोबास गर्न थाले । सहरीकरण केही बढ्न थाल्यो र सेवा क्षेत्र भने केही चलायमान देखियो । औद्योगिक क्षेत्रमा, विकास निर्माणका काम ठप्पप्रायः भए । आर्थिक सुधारको क्रम रोकियो र सरकारको ध्यान नै शान्ति सुरक्षामा केन्द्रित भयो । बाह्य लगानी पनि आएन, मुलुकभित्रबाट उल्टै पुँजी पलायन भयो । यद्यपि, आर्थिक उदारीकरणको समयमा प्रवेश गरेका वा त्यस बेलाको अभिमुखीकरण प्राप्त गरेका मानिस कर्मचारीतन्त्रमा पनि रहेकाले समष्टिगत आर्थिक परिसूचकहरूमा भने स्थायित्व रहिरह्यो । सशस्त्र द्वन्द्व उत्कर्षमा रहँदा पनि हाम्रो बजेट घाटा धेरै बढेन । मुलुकमा असुरक्षा र बेरोजगारी बढेपछि रोजगारीको खोजीमा युवाहरु बाहिरिने क्रम अत्यधिक बढ्न थाल्यो ।

**'पासपोर्ट रिफर्म'को लाभ**

२०४७ देखि २०५६ सालसम्मका कतिपय सुधारको लाभ मुलुकले त्यसपछिको कालखण्डमा लिएको छ । त्यी सुधारहरूमध्ये 'स्ट्रेक अफ पेन रिफर्म'मध्येका एक हो– पासपोर्ट रिफर्म । २०५४ फागुन १ बाट स्थानीय प्रशासन (जिल्ला प्रशासन कार्यालय) समेतले राहदानी जारी गर्न सक्ने महत्वपूर्ण काम भएको थियो । माओवादी सशस्त्र द्वन्द्व उत्कर्षमा पुगेसँगै असुरक्षा र बेरोजगारीले २०५६ पछि ठूलो संख्यामा युवाहरु वैदेशिक रोजगारीमा गए । यसबाट मुलुकले रेमिट्यान्स प्राप्त गर्न थालेसँगै अर्थतन्त्रको विस्तार उपभोगमा आधारित हुन थाल्यो ।

**गणतान्त्रिक शक्तिको उपस्थिति र राजनीतिक ध्रुवीकरण**

सन् २००० पछि महत्वपूर्ण राजनीतिक घटनाक्रम भए । राजदरबार हत्याकाण्ड भयो । नयाँ राजाको राजनीतिक महत्वाकांक्षा तीव्र रूपमा बढ्यो । दलहरूमाथि पुनः प्रतिबन्धकै शैली देखियो भने माओवादी सशस्त्र द्वन्द्व उत्कर्षमा पुग्यो र मुलुक राजनीतिक अनिश्चितता, अस्थिरता, असुरक्षा, बढ्दो बेरोजगारीमा रूमल्लियो ।

यसैबीच सन् २००६ मा प्रमुख राजनीतिक दल र सशस्त्र हिंसारत माओवादीबीच १२ बुँदे दिल्ली सम्झौता भयो । यसले जनआन्दोलनका लागि जग निर्माण गर्‍यो र मुलुकमा गणतान्त्रिक शक्तिहरूको उदय भयो । जनआन्दोलन, विस्तृत शान्ति सम्झौता, अन्तरिम संविधान, पहिलो संविधानसभा हुँदै मुलुक गणतान्त्रिक राज्यव्यवस्थातर्फ अघि बढ्यो । पहिलो संविधानसभाबाट माओवादी सबैभन्दा ठूलो राजनीतिक दलका रूपमा आयो ।

२०६५ भदौमा माओवादी अध्यक्ष पुष्पकमल दाहालको नेतृत्वमा सरकार बन्यो । माओवादीको सरकारमा राज्य सञ्चालन गर्ने अनुभवी व्यक्तिको पनि कमी भयो भने भएकालाई उनीहरूले विश्वास आर्जन गर्न सकेनन् । ठूलो राजनीतिक दल हुने उनीहरूको आशा पनि थिएन भने मत परिणामले उनीहरूलाई ज्यादा महत्वाकांक्षी र आत्मविश्वासी देखायो । मार्क्सवाद, माओवाद मात्र पढेर आएको समूह भएका कारण उनीहरूले कम्युनिजम नै ल्याउन सकिन्छ कि सत्ता कब्जा गर्न सकिन्छ कि भनेर उथलपुथल गर्ने क्रम सुरू गरेका थिए । पार्टीभित्रै सबैभन्दा ठूलो ध्रुवीकरण नेपाली कांग्रेसभित्र देखियो । कृष्णप्रसाद भट्टराई, गणेशमान सिंह, गिरिजाप्रसाद कोइरालाबीच ध्रुवीकरण देखियो । त्यहीबीचमा शेरबहादुर देउवाको पनि प्रवेश भयो । उनीहरूले केही महत्वपूर्ण विषयमा ध्यान पुर्‍याउन सकेनन् । सन् १९८० पछिको चीन, १९९० पछिको रूस र हाम्रो भूराजनीतिक अवस्थाको उनीहरूले हेक्का राख्न सकेनन् । यी सबै विषयमा ध्यान नदिएका कारणले कम्युनिजम् लागू गर्न सकिन्छ भन्ने महत्वाकांक्षाबाट प्रेरित भए । तर उनीहरूको अपेक्षाअनुसार काम हुन सकेन । आर्थिक क्षेत्रको सुधारबारे उनीहरूसँग कुनै सोच थिएन ।

पछिल्लो दश वर्षमा कुल गार्हस्थ उत्पादनको तुलनामा चालु खर्च अत्यधिक बढेको छ भने विकास (पुँजीगत) खर्च २०४७ यता कुल गार्हस्थ उत्पादनको तुलनामा उस्तै अवस्थामा छ । हाम्रो एउटा गल्ती के भयो भने संविधानमा पहिला अधिकार दिएर स्थानीय सरकारको संख्या निर्धारण भयो । अधिकार प्रत्यायोजनअनुसार स्थानीय सरकारको संख्या कम हुनुपर्नेमा संख्या पनि अत्यधिक बढ्यो । यसले गर्दा यो व्यवस्था खर्चिलो र व्यवस्थापनमा पनि गाह्रो हुने देखियो । अर्कोतर्फ, संघीय तहका राजनीतिक नेतृत्व र कर्मचारीतन्त्रमा अधिकार प्रत्यायोजनमा अलिक अनिच्छा पनि देखिन्छ ।

**कमजोर सुशासन र संस्थाहरु व्यवसायी–दलालको कब्जामा**

राजनीतिक ध्रुवीकरणले आर्थिक, सामाजिक संस्थाहरु कब्जा गर्नेतर्फ दलहरु अघि बढेको देखिन्छ । गठबन्धन (मिलिजुली) सरकार, एकले भनेको अर्कोले नमान्ने बरू यथास्थितिमै रहने अवस्था देखियो । प्रशासन संयन्त्रमा सुशासन कमजोर भयो । व्यावसायिक समूह र निर्माण व्यवसायीहरूको प्रभाव अझै बढ्न थाल्यो । सरकार परिवर्तन भइरहने भएपछि कर्मचारीतन्त्रले पनि निजामती कर्मचारीसम्बन्धी ऐन, कानुन मजबुत बनाए । आफू जोगिने उपाय ऐनमार्फत नै खोजे । एकातिर राजनीतिक नेतृत्वले कर्मचारीलाई काम गराउन नसक्ने, अर्कोतर्फ उनीहरूले कानुनी रूपमै आफूलाई दह्रो बनाए । सुशासन र जवाफदेहिता भएन ।

वैदेशिक रोजगारीमा युवा विदेशिने क्रमसँगै सन् २००० देखि २००८ सम्म वार्षिक औसत ७२ अर्ब रूपैयाँ रहेकामा पछिल्लो दश वर्षको वार्षिक औसत (सन् २०१९) सम्म ५१४ अर्ब रूपैयाँ पुग्यो । धेरै गुणा रेमिट्यान्स बढेपछि यसले मुलुकमा उपभोग बढायो । औद्योगिक क्षेत्रको विस्तारको गति कमजोर भयो ।

राजनीतिक दलभित्रको ध्रुवीकरण, बिचौलियाको जगजगी, समन्वय, सुशासन तथा जवाफदेहिताको कमी र राजनीतिक नेतृत्वले 'ड्राइभ' गर्न नसकेका कारण अहिले आर्थिक विकासको परिदृश्य उत्साहजनक देखिँदैन ।

रेमिट्यान्स वृध्दि र औद्योगिक क्षेत्रको वृध्दिबीच नकारात्मक सह–सम्बन्ध (नेगेटिभ कोरिलेसन) र सेवा क्षेत्रको विस्तार र रेमिट्यान्सबीच सकारात्मक सह–सम्बन्ध (पोजिटिभ कोरिलेसन) देखिन्छ । त्यसको अर्थ गरिबी निवारण र सेवा क्षेत्रको विस्तारलाई गति दिने रेमिट्यान्स नै हो भन्ने बुझ्न सकिन्छ ।

रेमिट्यान्सले समष्टिगत अर्थतन्त्रका सूचक ठीकठाक देखिने र ठूलो समस्या नहुने भएपछि सरकारमा बस्नेहरूको जवाफदेहिता भएन । विकासमा ध्यान पुग्न सकेन । अहिले पनि वर्षभर सिँचाइ हुने जमिन त २१ प्रतिशत मात्र छ । उन्नत बीउबिजन प्रयोग विभिन्न बालीमा गरी ९ देखि २० प्रतिशत मात्र छ । ठूलो परिमाणमा पुरानै बीउबिजनबाट काम चलाउनुपर्छ भने रासायनिक मल कहिल्यै पनि समयमा पाइँदैन । कृषि प्रसार सेवा, कृषि अनुसन्धानको गुणस्तर कमजोर हुँदै गएका छन् ।

प्रत्यक्ष वैदेशिक लगानीमा दुई महत्वपूर्ण पक्षमा विश्लेषण गर्नुपर्छ । हाम्रो जोडबल ऊर्जाको विकास र सम्भावना पनि भएको साथै विद्युत् लोड कटौती व्यापक भएका कारण प्रत्यक्ष वैदेशिक र आन्तरिक लगानी पनि ऊर्जामा आकर्षित भयो । नेपालमा शान्ति स्थापना भई सशस्त्र हिंसारत माओवादी पनि मूलधारमा आएकाले पर्यटन क्षेत्रमा पनि पछिल्लो दशकमा लगानी बढेको छ । तर पर्यटन क्षेत्रको विकासका लागि यसका सबै सम्बध्द पक्षहरूको विकास वायु सेवा, पर्यटकीय गन्तव्य, विमानस्थल लगायत पर्यटकीय पूर्वाधार विकासमा हामी निकै पछाडि रह्यौं ।

राष्ट्रिय ध्वजावाहक नेपाल एयरलाइन्सको बजार हिस्सा निकै खस्क्यो । सेवा क्षेत्रमा पर्यटन र सूचना–प्रविधि क्षेत्रमा भारत, चीन, बंगलादेश, श्रीलंकाले तीव्र छलाङ मार्दा पनि हामीले ठूलो फड्को मार्न सकेनौं । २०४६ को राजनीतिक परिवर्तनपछि निर्वाचित सरकारले आर्थिक विकासमा जसरी ध्यान केन्द्रित गरेको थियो, त्यसको एक दशक नपुग्दै त्यतिबेलाका पहल हराउँदै गए ।

राजनीतिक दलभित्रको ध्रुवीकरण, बिचौलियाको जगजगी, समन्वय, सुशासन तथा जवाफदेहिताको कमी र राजनीतिक नेतृत्वले 'ड्राइभ' गर्न नसकेका कारण अहिले आर्थिक विकासको परिदृश्य उत्साहजनक देखिँदैन ।*इकागजबाट*

गाउँपालिकावासीका लागि जनहितमा जारी सार्वजनिक सन्देश !

**शीत–लहरको समयमा चिसोका कारण मानिसको मृत्युसमेत हुन सक्छ त्यसैले :**

१. न्यानो कपडाको जोहो समयमैं गरौं । २. शीत–लहरको समयमा घरबाहिर खुला स्थानमा धेरै समय नबिताऔं, घरबाहिर निस्कनु परेमा वा धेरै समय बिताउनु पर्ने भएमा न्यानो कपडा लगाऔं । ३. रातको समयमा सिरक, कम्बलजस्ता न्यानो कपडा ओढ्ने गरौं । घरभित्र राति सुत्दा शरीरका साथै अनिवार्यरुपमा छाति तथा टाउको ढाक्ने प्रबन्ध मिलाऔं । ४. शीत–लहर चलेको समयमा आगो तापेर शरीरलाई न्यानो राख्ने गरौं । ५. चिसोको समयमा शरीरलाई चाहिने आवश्यक तातो झोलयुक्त खाने कुराहरु खाने बानीको विकास गरौं । ६. बालबालिका, वृद्धवृद्धा, गर्भवती महिला तथा बिरामीहरुको हेरचाहमा विशेष सतर्कता अपनाउँदै न्यानो अवस्थामा राख्ने व्यवस्था मिलाऔं । ७. चिसोको कारण बिरामी भएमा तत्कालै नजिकको स्वास्थ्य चौकी वा अस्पतालमा तुरुन्त उपचारको लागि जाने बानीको विकास गरौं । ८. शीत–लहर चलेको बेलामा पाल्तु पशुपंक्षीलाई सकेसम्म खुल्ला स्थानमा चराउन नलैजाऔं । गोठ/टहरामैं राखेर पर्याप्त घाँस, पराल र दाना दिने व्यवस्था मिलाऔं । ९. चिसोका कारण पशुपंक्षी बिरामी भएमा नजिकैको पशु चिकित्सालयमा तुरुन्तै सम्पर्क गरी औषधी/उपचार गर्न लैजाऔं । १०. कोठाभित्र आगो बाली तातो पार्दा पर्याप्त भेण्टिलेसनको व्यवस्था मिलाउन नभुलौं ।

बरियारपट्टी गाउँपालिका कार्यालय, सिरहा

अर्नमा गाउँपालिका कार्यालय, सिरहा

नवराजपुर गाउँपालिका कार्यालय, सिरहा

भगवानपुर गाउँपालिका कार्यालय, सिरहा

लक्ष्मीपुर पतारी गाउँपालिका कार्यालय, सिरहा

औरही गाउँपालिका कार्यालय, सिरहा

विष्णुपुर गाउँपालिका कार्यालय, सिरहा

सखुवानन्कारकट्टी गाउँपालिका कार्यालय, सिरहा

नरहा गाउँपालिका कार्यालय, सिरहा




लहानपोस्ट् दैनिकका लागि प्रकाशक : भरत जर्घामगर, सम्पादक : शम्भु कुमार यादव, कानुनी सल्लाहकार : सन्तोष सुवेदी कम्प्यूटर ले–आउट : महेन्द्र प्रसाद चौधरी
कार्यालय :लहान नगरपालिका–१०, सिरहा फोन नं. ०३३५६१९६७, ९८५२८२४९६७, ९८५२८३९३१५ website : www.lahanpost.com , e-mail : lahanpost@gmail.com मुद्रक : न्यू यदुवंशी अफसेट प्रेस, लहान,(सिरहा)